जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १४१ २०८१ साल पुस १६ गते मंगलबार (31 Dec. 2024 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : राजनीतिमा जाग्दै आदिवासी ... ३ पृष्ठमा : जिमी कार्टरको विरासत विश्व ... ३ पृष्ठमा : अमेरिकाका ३९औं ...

# संविधान लागु गर्ने दलहरु नै कार्यान्वयनमा उदासिन : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले संविधान लागु गर्नका लागि सक्रिय रहेका राजनीतिक दलहरु नै यसको कार्यान्वयनप्रति उदासिन बनेको बताएका छन् ।

आम सञ्चार प्राधिकरण मधेश प्रदेशले सोमवार राजविराजमा आयोजना गरेको साइवर सुरक्षा र एआई सम्बन्धि एक दिने अभिमुखीकरण कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री लेखीले मुलुकमा बढ्दै गएको राजनीतिक अस्थिरताले जनमानसमा असन्तुष्टि र नैराश्यता बढाएको बताउँदै यसप्रति समयमै ध्यान दिन आवश्यक रहेको टिप्पणी गरे ।

राजनीति अस्थिरताले जनअसन्तुष्टि बढाउँदा स्थानीय प्रदेश र केन्द्र सहित तिनै वटै सरकारको संरचनामाथि प्रश्न उठन सक्ने तर्फ सचेत हुन आवश्यक रहेको बताएउँदै उनले त्यस्तो भए मुलुकको सिंगो संविधानमाथि नै प्रश्न उठन सक्ने कुरामा होस् राख्नु आवश्यक छ ।

संघीयता, स्वायत्तता र समावेशीता वर्तमान संविधान भित्रकै संरचना रहेको कुरा बिर्सन नहुने भन्दै पत्रकार जगतले समेत यस परिवर्तनमा ठुलो योगदान पुऱ्याएको भन्दै प्रशंसा समेत गरे ।

नेपाल पत्रकार महासंघ सप्तरीको समन्वयमा आयोजित अभिमुखीकरण उद्घाटन सत्रमा प्रदेशसभा सदस्य तथा पूर्व

*बाँकी अन्तिम पृष्ठमा*

# सशस्त्र प्रहरीद्वारा चिसोबाट जोगिन विपन्न वस्ती मै पुगेर कम्बल वितरण



**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

सशस्त्र प्रहरीले सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका गरिब असहाय, अशक्त तथा विपन्न समुदायका बृद्धबृद्धाहरुलाई कम्बल प्रदान गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं.६ गण हेडक्वाटर सप्तरीले सोमवार सो गाउँपालिका १ स्थित बेल्ही टोलका गरिब असहाय, असक्त तथा विपन्न समुदायका एक सय परिवारलाई कम्बल वितरण गरेको हो ।

"सीमावासीसँग सशस्त्र प्रहरी" कार्यक्रम अन्तर्गत गाउँपालिकाको समन्वयमा विपन्न समुदायको पहिचान र सुची तयार गरी १ सय परिवारलाई चिसोबाट जोगिन कम्बल वितरण गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीका प्रमुख एवं प्रहरी उपरिक्षक ज्ञानमणी पौडेलले जानकारी दिए ।

उनले आफ्नो संगठनबाट समाजिक उत्तरदायीत्व समेत निर्वाह गर्दै चिसोबाट पीडित विपन्न वर्गलाई सानो सहयोग गरेको बताए । आफुहरुको साधन, श्रोत र क्षमताले भ्याएसम्म थप विपन्न वस्तीका परिवारलाई भविष्यमा समेत सहयोग गर्ने उनको भनाई छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख ढकेन्द्र खतिवडा, राष्ट्रिय अनुसन्धानका प्रमुख सुरेन्द्र कोइराला, तिलाडी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल लगायत समेतले सशस्त्र प्रहरीको तर्फबाट विपन्न समुदायका परिवारलाई कम्बल वितरण गरेका थिए ।

# पहिलो एनपिएल विजेता टोली जनकपुर बोल्टसको सप्तरीमा भव्य स्वागत




**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

काठमाडौमा सम्पन्न भएको नेपाल प्रिमियर लिग (एनपिएल) पहिलो संस्करणका विजेता जनकपुर बोल्टसका खेलाडीहरुलाई सप्तरीमा भव्य स्वागत र सम्मान गरिएको छ ।

मधेश प्रदेशको विभिन्न जिल्लामा ट्रफी परेड गर्दै सोमवार साँझ सप्तरी आइपुगेका जनकपुर बोल्टसका खेलाडीहरुलाई सप्तरी सदरमुकाम राजविराजमा भव्य स्वागत र सम्मान गरिएको हो । विजयोत्सव मनाउने क्रममा राजविराज आइपुगेको टोलीलाई नगरवासीले फुलमाला अबिर तथा विभिन्न उपहारबाट स्वागत तथा सम्मान गरेका छन् ।

बिजेता टिमका खेलाडीलाई ट्रफीसहित नगरपरिक्रमा गराइएको थियो । नगर परिक्रमा पश्चात राजरंगशालामा राजविराज नगरपालिकाद्वारा आयोजित कार्यक्रममा कार्यवाहक नगर प्रमुख इसर परवीनले विजेता टीमका खेलाडीलाई फुलमाला अबिर र कदरपत्रबाट सम्मान गरे ।

विजेता टोली आईपुग्दा साँझ परेकाले रंगशालामा आधा दर्जनभन्दा बढी भ्यापर लाईट प्रयोग गरिएको थियो भने उत्साहित युवाहरुले लगातार आतिशबाजी गरेका थिए ।

विजेता टोलीसंगै आएका जनकपुर बोल्टसका प्रबन्धक उत्सव वाग्ले, नेपाल क्रिकेट संघ (क्यान) का केन्द्रीय सदस्य समेत रहेका क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठले पहिलो आयोजनाको विजेता बन्न जनकपुर बोल्टस सफल भएको खुशियालीमा मधेश प्रदेशको ८ वटै जिल्लामा विजयोत्सव मनाउन थालिएको बताए ।

# क्यान्सरविरूद्धको थप पाँच लाख खोप ल्याइयो

काठमाडौँ, १५ पुस (रासस) ।

किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरूद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप ल्याइएको छ । स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा पवनजङ्ग रायमाझीका अनुसार आइतबार चार लाख ९६ हजार दुई सय ८० मात्रा खोप

*बाँकी अन्तिम पृष्ठमा*

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं**

हुस्सु, कुहिरो र शीतलहरका वेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको वेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिब्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### कमजोरी प्रशंसकको वा आयोजकको !

नेपाल प्रिमियर लिग (एनपीएल) को विजेता टोली जनकपुर बोल्टस आफ्नो विजय लाई मधेश प्रदेश कै विजय मानी मधेश प्रदेशका आठै जिल्लामा आफ्नो ट्राफी सहित विजय जुलूस निकाल्ने क्रममा सोमबार राजविराज आइ पुग्यो । एनपीएल विजेता टोली राजविराज आइपुग्दा राजविराज नगर पालिकाले सबै खेलाडीलाई सम्मान गर्ने कार्यक्रम राखेको थियो । सदरमुकाम राजविराजको एकमात्र खेल मैदान राजरङ्गशालामा आयोजना गरिएको सो सम्मान कार्यक्रम एक त निर्धारित समय भन्दा ढिलो शुरू भयो त्यो धेरै चिन्ताको कुरो थिएन तर खेलाडीहरु आए पश्चात जुन अभद्रता अव्यवस्थाको प्रदर्शन भयो त्यसले नगर पालिकको अक्षमतालाई उदाङ्गो पारि दिएको छ ।

संघियताको अभ्यास भईरहेको मुलुकमा जहाँ स्थानीय निकायलाई तल्लो तहको सरकार भनिन्छ त्यहाँ नगरपालिकाको आयोजनाको अव्यवस्थाले पालिकाको क्षमता माथि नै प्रश्न उठाएको छ । एकातिर पालिकाले भर्खरै मात्र पोशाकधारी सफाईकर्मी राखेर भिड़ व्यवस्थापन गर्ने प्रयास गरेको थियो तर ती सुरक्षाकर्मी बनेका सफाईकर्मीहरु आफैँ मञ्चमा पुग्ने आतुरता देखाएर भिडलाई अनियन्त्रित बनाएका थिए । सिडियो र एसपी उपस्थित कार्यक्रममा प्रहरीको फितलो उपस्थितिले पनि आयोजकको अदुरदर्शीता प्रष्टै देखाउथ्यो ।

नतीजा त्यहा बनाइएका मञ्चमा खेलाडी भन्दा प्रशंसक बढी भएर मञ्चलाई नै अव्यवस्थित बनाएको थियो, दर्शकहरुले त्यहाँ राखिएको सक स्यौं कुर्सी भाँचेर आर्थिक क्षति पुऱ्याएको थियो भने उद्घोषक रहेका नगरपालिकाका अधिकृतका हातबाट माइक समेत खोसी बोल्न भ्याएका थिए । पालिकाले एउटा कम प्रोफाइलमा रहेका खेलाडीहरुको कार्यक्रम त सफलतापूर्वक संचालन गर्न सक्दैन भने ठूलो प्रोफाइल भएका हस्तीहरुको कार्यक्रम कसरी आयोजन गर्न सक्छ ? पालिकाका सञ्चालकहरुले यसतर्फ गम्भीर भएर सोच्नै पर्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजनीतिमा जाग्दै आदिवासी जनजाति महिला

काठमाडौँ, १५ पुस (रासस) ।

कुनै पनि परिवर्तनको मूल आधार भनेको राजनीतिक चेत र अभ्यास हो । राज्यको पहुँचसम्म महिला पुग्नका लागि राजनीतिक नेतृत्वमा आएर मात्रै सम्भव छ । नेपाली समाज विविधताले भरिएको समाज हो । यहाँ थुप्रै जातीय, भेगीय, वर्गीय अवस्थाका महिला छन् । यसमा ब्राह्मण, दलित, जनजाति, मधेशी, मुस्लिमलगायत समुदायका महिलाहरू छन् । यी सबैको पृष्ठभूमि र भोगाइ फरक छ । यसमा पनि आदिवासी जनजाति महिलाहरूको स्थिति भने सामाजिक र आर्थिक हिसाबले अलि भिन्न छ । सीमान्तकृत समुदायमा पर्ने दलित, मुस्लिम, मधेशी महिलाको स्थिति निकै नाजुक छ ।

आदिवासी जनजाति महिला घर, परिवारभित्र जति शक्तिशाली छन्, त्यति राजनीतिक तहमा कम छन् । यसको मूल कारण राज्यले नै आदिवासी जनजाति महिलालाई पहुँचसम्म पुग्न बञ्चितीकरण गरेर हो भन्ने हाम्रो बुझाइ छ । यद्यपि महिलाहरूले राज्य निर्माणका हरेक चरणमा उत्तिकै उत्साहजनक सहभागिता जाउँदै आएको इतिहास छ । आदिवासी जनजाति महिला नेतृत्वले राजनीतिमा सशक्त भूमिका निर्वाह गर्न के कस्ता रणनीति बनाउने ? यसै सन्दर्भमा पहिलोपटक एमालेको लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घद्वारा आयोजित आदिवासी जनजाति महिलाहरूको प्रथम राष्ट्रिय भेला गत मङ्सिरको अन्तिम साता सम्पन्न भएको छ ।

भेलामा राजनीतिमा कसरी अब्बल बन्ने ? आफ्नो जिम्मेवारी कुशलताका साथ कसरी सम्पादन गर्ने ? लगायत नेतृत्व क्षमता विस्तारका विषयमा प्रशिक्षण दिएको थियो । भेलामा ३७ जिल्लाका एमाले आबद्ध आदिवासी जनजाति महिला अगुवा नेत्रीहरूको सहभागिता रहेको थियो । पहिलो भेलामा नै उत्साहित सहभागिता जुटाउनु आफैँमा उपलब्धि मान्नुपर्छ । राजनीतिमा लागेका महिलालाई आफ्नो स्थान, पहिचान, पद प्राप्तिका लागि दक्ष बनाउनु नै मूल प्रशिक्षण थियो । अब आफ्नो पद आफैँ माग्न सिक, बोल्न थाल है भनेर सिकाउनु नै प्रशिक्षणको मूल ध्येय हो । भेलामा मधेश र हिमाली क्षेत्रका महिलाको उपस्थिति त्यति उत्साहजनक नहुनुलाई हाम्रो सामाजिक परिवेशलाई प्रस्ट्याउँछ ।

मुलुकको झण्डै ३५ प्रतिशत जनसङ्ख्या ओगटेको आदिवासी जनजाति समुदायले भोग्नुपर्ने समस्या राजनीतिक कारणबाटै सुरु भएका हुन् । तिनको समाधान पनि राजनीतिक हिसाबले नै आदिवासी जनजातिलगायत सम्पूर्ण श्रमजीवी जनताका लागि जबसम्म न्याय र समानतासहितको वैचारिक नेतृत्वको राज्य व्यवस्थाको स्थापना गर्न सक्दैन, तबसम्म समस्याहरूको समाधानको ढोका खुल्दैन । यसका लागि सर्वप्रथम देशमा राजनीतिक स्थायित्वको आवश्यकता पर्दछ ।

**भावी कार्यदिशा**

भेलाले आदिवासी जनजाति महिलाहरूको भावी कार्यदिशासमेत निर्धारण गरेको छ । परियोजनाहरू सञ्चालन गर्दा जलवायु परिवर्तन, रेड, आइएलओ १६९ र युएनडिआरआइपीको प्रावधानअनुरुप आदिवासी जनजाति महिलाहरूको हित अनुकूल हुने, उनीहरूका परम्परागत पेसा, व्यवसाय, ज्ञान, सीप र प्रविधिहरूलाई प्रवर्द्धन गर्ने गरी सञ्चालन गर्न चेतना तथा क्षमता अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गर्नुपर्ने हुन्छ ।

आदिवासी जनजाति महिलाहरूको नेतृत्व विकासका लागि राजनीतिक चेतना जागरण, प्रशिक्षण र विशेष अभियानहरू सञ्चालन गर्ने, आदिवासी जनजाति महिलाहरूका असल प्रथाजनित कानुन र अभ्यासहरू, परम्परागत ज्ञान, सीप, प्रविधि र ज्ञान पद्धतिहरूको संवर्द्धन, समयानुकूल विकास र पुस्तान्तरणका लागि विशेष योजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

यसैगरी, व्यवसाय सञ्चालन र विकास गर्ने सन्दर्भमा राज्यले प्रदान गर्ने अनुदान, सहुलियतपूर्ण कर्जा, औजार, उपकरण, मेसिनरी प्रविधि तथा तालिम क्षमता विकाससम्बन्धी अवसरहरूमा आदिवासी जनजाति महिलाहरूको पहुँच बढाउन आवश्यक छ । आदिवासी जनजातिहरूका परम्परागत ज्ञान सीप र प्रविधिमा आधारित मर्चा, किनिमा, बैदाङ्गी, आम्ची, जडीबुटी सङ्कलन ढाका, खाँडी, भाङ्ग्रा, केत्तेन, पाङदेन, राडीपाखी, गलैँचा उत्पादनलगायत घरेलु तथा लघुउद्योगहरूको जगेर्ना र आधुनिकीकरण गर्दै उनीहरूको आर्थिक समृद्धिको आधारशिलाका रूपमा विकास गर्न विशेष प्राथमिकता साथ कार्य गर्नुपर्छ । उनीहरूका भाषा, लिपि संरक्षणका लागि समुदायगत रुपले समस्याहरूको पहिचान गरी समाधान गर्न सङ्गठन, पार्टी र राज्यको तहबाट उचित पहल हुन आवश्यक छ ।

**आदिवासी महिलाको सामाजिक अवस्था**

राष्ट्रिय जनगणना २०७८ मा ७० वटा आदिवासी जनजाति समावेश भएका छन् । आदिवासी जनजातिको कुल जनसङ्ख्याको एक करोड एक लाख ९३ हजार नौ सय पाँच अर्थात् ५१.६६ प्रतिशत महिला छन्भने ४८.३४ प्रतिशत पुरुष छन् । जनसङ्ख्याको हिसाबले पनि आदिवासी जनजाति

*बाँकी अन्तिम पृष्ठमा*

# तीन ऐन संशोधन र एउटा खारेज गरी ल्याइएको सहकारीसम्बन्धी अध्यादेशमा के छ ?

काठमाडौँ, १५ पुस (रासस) ।

सरकारले तीन वटा ऐन संशोधन र एउटा ऐन खारेज गरी 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१' ल्याएको छ । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार यो अध्यादेश जारी गर्नुभएको हो ।

अध्यादेशमार्फत सहकारी ऐन २०७४, नेपाल राष्ट्र बैंक ऐन २०५८ र निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ संशोधन गरिएको छ भने राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज भएको छ ।

अध्यादेशले बचत तथा ऋण सहकारी संस्थाको नियमनका लागि 'राष्ट्रिय सहकारी नियमन प्राधिकरण' गठन गर्ने व्यवस्था ल्याएको छ । अब बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको दर्ता प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीय तहमा मात्र हुनेछ । यस्ता सहकारी संस्थालाई तोकिएको आधारमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा वर्गीकरण गरिएको छ भने एक वर्षभित्र प्राधिकरणमा दर्ता भइसक्नुपर्नेछ ।

अध्यादेशको व्यवस्थाअनुसार एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुनसक्ने छैन । यो व्यवस्था लागू हुँदाका बखत एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थाको सदस्य भएको व्यक्ति एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ । त्यसैगरी, कुनै व्यक्ति बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी अवधिका लागि निर्वाचित हुन र बहाल रहन सक्ने छैन ।

अध्यादेशले सहकारी संस्थाहरूमा व्यक्तिगत बचत तथा ऋणको सीमासमेत तोकेको छ । "एक प्रदेशभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा रू ५० लाखसम्म, एक जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेको संस्थामा रु २५ लाखसम्म र बढीमा एक जिल्लाभित्र कार्यक्षेत्र रहेको संस्थामा रु १० लाखसम्म मात्र बचत राख्न सकिनेछ", अध्यादेशमा भनिएको छ, "तर यो व्यवस्था हुँदाको बखत कायम रहेको व्यक्तिगत बचतलाई दुई वर्षभित्र कानुनले तोकेबमोजिम कायम गरिसक्नुपर्नेछ ।"

त्यस्तै, बचत तथा ऋण सहकारी संस्थाको प्राथमिक पुँजी कोषको १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सकिने छैन । सहकारी संस्थामा रु १० लाखभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रूपमा त्यस्तो रकमको स्रोत खुलाउनुपर्नेछ । स्रोत नखुलाएको बचत रकम सहकारी संस्थाले स्वीकार गर्न नहुने व्यवस्था अध्यादेशमा राखिएको छ ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानुन बमा–जिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी बचत तथा ऋण कारोबारको सूचना आदानप्रदान गर्नुपर्नेछ ।

"कर्जा सूचना केन्द्रले सदस्य सहकारी संस्थाको कर्जा प्रवाहमा वस्तुगत उद्देश्य र उपयुक्तता कायम गर्न त्यस्तो सहकारी संस्थाले प्रवाह गरेको ऋणको सूचना पनि प्राप्त गर्न सक्नेछ", अध्यादेशमा भनिएको छ, "सहकारी संस्थाले रु १० लाखभन्दा बढी ऋण कारोबारको सूचना कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ र समयमा ऋण नतिर्ने ऋणीको नाम प्रत्येक तीन महिनामा अनिवार्य रूपमा कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।" त्यस्तै, बचत तथा ऋण सहकारी संस्थाले प्रचलित कानुन बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रूपमा सदस्यता लिनुपर्नेछ ।

सहकारी क्षेत्रमा अहिले देखिएको समस्या समाधान गर्न तथा नियमन र अनुगमनका लागि अध्यादेशमार्फत राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्न सकिने व्यवस्था ल्याइएको छ । सङ्घ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्रभित्रका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न प्राधिकरणको स्थापना गरिएको हो ।

प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौँ उपत्यकामा रहनेछ । प्राधिकरणले आफ्नो वार्षिक प्रतिवेदन सरकार समक्ष पेस गर्नेछ भने उक्त प्रतिवेदन सरकारले सङ्घीय संसद्को सम्बन्धित समितिमा पेस गर्नेछ । प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुने र यसले कानुनी व्यक्तित्व प्राप्त गर्ने हुने व्यवस्था अध्यादेशमा राखिएको छ ।

त्यस्तै, अध्यादेशमार्फत प्राधिकरणको काम, कर्तव्य र अधिकार तोकिएको छ । "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, नियमन, सुपरीवेक्षण, अनुगमन तथा प्रतिवेदन प्रणाली लगायतका विषयमा राष्ट्रिय मापदण्ड बनाइ कार्यान्वयन गर्ने गराउने काम प्राधिकरणको हुनेछ", अध्यादेशमा भनिएको छ, "यस्ता सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड (प्रुडेन्सियल स्ट्याण्डर्डस्) जारी गर्ने, बचतकर्ताको बचत सुरक्षाको सुनिश्चित गर्न आवश्यक कार्य गर्ने, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमित रूपमा निरीक्षण गर्ने, उजुरी लिने, प्राप्त उजुरी उपर जाँचबुझ गर्ने र सम्बन्धित संस्थालाई निर्देशन दिनेलगायतका काम प्राधिकरणले गर्नेछ ।"

त्यस्तै, नियमन तथा सुपरीवेक्षणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको समन्वयमा रोष्टर तयार गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको नियामकीय परीक्षण ( प्रुडेन्सियल अडिट) प्राधिकरणले गर्नेछ । सहकारीको व्यवस्थापन सूचना प्रतिवेदन प्रणालीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा लागू गर्ने-गराउने, प्रदेश र स्थानीय तहका बचत तथा ऋण सहकारी संस्थाको प्रदेश र स्थानीय तहसँग समन्वय गरी संयुक्त रूपमा अनुगमन, नियमन तथा सुपरीवेक्षण गर्ने गराउने काम प्राधिकरणको रहेको छ ।

प्राधिकरण समक्ष परेको बचत

*बाँकी तीन पृष्ठमा*

# जिमी कार्टरको विरासत विश्व समुदायबाट प्रशंसा

वासिङ्टन, १५ पुस (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति जो बाइडेनलगायत विश्वभरीबाट १०० वर्षको उमेरमा आइतबार निधन भएका जिम्मी कार्टरप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उहाँले मानव अधिकार र शान्तिका लागि गरेका कार्यहरूको सम्झना गरिएको छ।

"अमेरिका र विश्व जगत्‌ले एक असाधारण नेता, राजनीतिज्ञ र मानवतावादी व्यक्तित्वलाई गुमाएको छ," अमेरिकी राष्ट्रपति बाइडेनले ह्वाइट हाउसमा जारी गरेको बक्तव्यमा भनिएको छ।

बाडेनले एक टेलिभिजन सम्बोधनमा भन्नुभयो, "कार्टरले 'शब्दले होइन, तर आफ्नो कर्मले नापिएको' जीवन बिताउनुभएको छ। हामी सबै जिमी कार्टर जस्तै अलि बढी हुन प्रयास गर्न राम्रो हुनेछ।" अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकीहरूले कार्टरलाई 'कृतज्ञताको ऋण' तिर्नुपर्ने बताउनुभएको छ।

"राष्ट्रपतिका रूपमा जिमीले सामना गर्नुपरेका चुनौतीहरू हाम्रो देशका लागि महत्वपूर्ण समयमा आएका थिए र उहाँले सबै अमेरिकीहरूको जीवन सुधार गर्न आफ्नो शक्तिले भ्याएसम्म सबै गर्नुभयो," अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पले सामाजिक सञ्जालमा लेख्नुभएको छ।

पूर्व अमेरिकी राष्ट्रपतिहरूमध्ये बिल क्लिन्टनले आफ्ना पूर्ववर्तीहरूले 'राम्रो र निष्पक्ष विश्वका लागि अथक परिश्रम गरेको' बताउनुभएको छ। अमेरिकी पूर्व राष्ट्रपति जर्ज डब्लु बुसले कार्टरले भन्नुभयो, "'कार्यालयलाई सम्मानित' भन्नुभएको थियो।संसारलाई राम्रो उपहार छोड्ने उहाँको प्रयास राष्ट्रपतिबाट बाहिरिएपछि पनि समाप्त भएन।"

अमेरिकी राष्ट्रपति बराक ओबामाले कार्टरले 'अनुग्रह, गरिमा, न्याय र सेवाको जीवन बिताउनुको अर्थ के हो' भनेर सिकाएको भन्दै उहाँको मुक्तकण्ठले प्रशंसा गर्नुभएको छ।

**'लोकतन्त्र प्रेमी'**

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले भन्नुभयो, "३९ औं अमेरिकी पूर्व राष्ट्रपति कार्टरलाई हाम्रो पृथ्वीको रक्षा गर्नु र विश्वव्यापी जनस्वास्थ्यलाई बढावा दिनु राष्ट्रिय सुरक्षाहितका लागि महत्वपूर्ण छ भन्ने कुरा बुझ्नु हतारो थियो।"



संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले कार्टरलाई कमजोर वर्गप्रति ऐक्यबद्धता, सदाबहार अनुग्रह र साझा हित र हाम्रो साझा मानवताप्रतिको अटुट विश्वासका लागि स्मरण गरिने बताउनुभएको छ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम घेब्रेयेससले कार्टरले आफ्नो फाउन्डेसनसँग मिलेर राष्ट्रपतिपदपछि गरेको कामले 'अनगिन्ती मानिसहरूको ज्यान बचाएको र धेरै उपेक्षित उष्णकटिबन्धीय रोगहरू उन्मूलनको नजिक ल्याउन मद्दत गरेको' उल्लेख गर्नुभयो।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकाका पूर्व राष्ट्रपति जिम्मी कार्टरको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। प्रधानमन्त्री मोदीले कार्टरले भारत र अमेरिकाबीचको सम्बन्धलाई मजबुत बनाउन पुर्‍याएको योगदानले चिरस्थायी विरासत छोडेको बताउनुभएको छ। उहाँले सामाजिक सञ्जाल एक्समार्फत् पठाएको सन्देशमा भनिएको छ, "अमेरिकाका पूर्व राष्ट्रपति जिम्मी कार्टरको निधनबाट निकै मर्माहत भएको छु। उहाँ विश्व शान्ति र सद्भावका लागि अथक प्रयास गर्ने महान् दूरदृष्टि भएका राजनेता हुनुहुन्थ्यो।"

उहाँले अगाडी भन्नुभयो, "भारत-अमेरिकाको मजबूत बबनाउन उहाँको योगदान र सम्बन्धले स्थायी विरासत छोड्छ। उहाँको परिवार, साथीभाइ र अमेरिकाका जनताप्रति मेरो हार्दिक समवेदना छ।" इजिप्टका नेता अब्देल फतह अल-सिसीले सन् १९७८ को ऐतिहासिक क्याम्प डेभिड सम्झौताको मध्यस्थतामा कार्टरले खेलेको भूमिकाका लागि 'मानवीय प्रयासको प्रतीक' भएको भन्दै प्रशंसा गर्नुभएको छ।

इजरायलका राष्ट्रपति आइज्याक हर्जोगले कार्टरले गरेको सन्धि मध्यपूर्व र उत्तर अफ्रिकामा धेरै दशकपछि पनि स्थिरताको आधार भएको बताउनुभएको छ। हर्जोगले भन्नुभयो, "राष्ट्रहरूबीच शान्ति कायम गर्ने उहाँको गहिरो प्रतिबद्धताले उहाँको विरासतलाई परिभाषित गर्नेछ।"

जर्मनीका चान्सलर ओलाफ स्कोल्जले दिवङ्गत हुनुभएका अमेरिकी पूर्व राष्ट्रपति कार्टरको निधनका कारण आफु स्तब्ध भएको बताउँदै भन्नुभयो, "कार्टरको निधनसँगै अमेरिकाले लोकतन्त्रका लागि एक योद्धा गुमाएको छ। विश्वले मध्यपूर्वमा शान्ति र मानव अधिकारका लागि एक महान् मध्यस्थ गुमाएको छ।"

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले कार्टरले आफुलाई दिएको सल्लाहमा सधैं विचारशील र उदार रहेको बताउनुभएको छ। मेक्सिकोको विदेश मन्त्रालयले कार्टरको मृत्युलाई 'दुःखद् क्षति' भनेको छ।

बेलायतका राजा चार्ल्सले कार्टरको समर्पण र नम्रताले धेरैलाई प्रेरणा दिएको बताउनुभएको छ भने प्रधानमन्त्री केइर स्टार्मरले अमेरिकी नेताको 'शान्तिका लागि आजीवन समर्पण' प्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ। ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले कार्टरलाई 'लोकतन्त्रप्रेमी र शान्तिका रक्षक' भन्दै प्रशंसा गर्नुभएको छ। लुलाले भन्नुभयो, "विकासको लागि शान्ति सबैभन्दा महत्वपूर्ण शर्त हो भन्ने विचारको प्रतिरक्षा गर्ने नामका रुपमा उहाँलाई सदाका लागि स्मरण गरिनेछ।"

सन् १९७७ देखि १९८१ सम्म धेरैले कार्टरको कार्यकालमा ध्यान केन्द्रित गरे तापनि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले कार्टरको 'रूसको अकारण आक्रमणको सामना गर्दै युक्रेनका लागि अटूट समर्थन' रहेको बताउनुभयो। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँले कार्टर 'अति कमजोर वर्गको अधिकारका लागि दृढ वकालत गर्दै आएको र शान्तिका लागि अथक सङ्घर्ष गरेको' बताउनुभएको छ।

चीनको विदेशमन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "कार्टरको प्रशासनले वासिङ्टन र बेइजिङबीच औपचारिक कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णय गरेको र यो चीन-अमेरिका सम्बन्धका लागि 'महत्वपूर्ण योगदान' भएको छ।"

"पूर्व राष्ट्रपति कार्टर चीन र संयुक्त राज्य अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापनाका प्रवर्तक र निर्णयकर्ता हुनुहुन्थ्यो," चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले भन्नुभयो।

नासाका प्रशासक बिल नेल्सनले कार्टरको विरासत पृथ्वीभन्दा पनि बाहिर रहेको बताउनुभएको छ। सन् १९७७ मा प्रक्षेपण गरिएको अन्तरिक्ष एजेन्सीको भोयजर १ प्रोबमा कार्टरको एउटा रेकर्ड गरिएको सन्देश छ जसले उहाँको मुख्य भलाइ र अनुग्रहलाई समातेको छ।

रेकर्डिङमा कार्टरले भन्नुभएको छ, "यो एउटा टाढाको संसारको सानो उपहार हो, हाम्रो आवाज, विज्ञान, छवि, सङ्गीत, विचार र भावनाहरूको प्रतीक हो।" "हामी हाम्रो समय बाँच्न प्रयास गर्दैछौं ताकि हामी तपाईंको जीवनमा बाँच्न सकौं। हामी आशा गर्दछौं कि कुनै दिन, हामीले सामना गर्ने समस्याहरू समाधान गरेर, 'ग्यालेक्टिक सभ्यता'हरूको समुदायमा सामेल हुनेछौं।"

नेल्सनले जारी गरेको वक्तव्यमा भनिएको छ, "पूर्वराष्ट्रपति कार्टरले ताराहरूलाई हेर्दा हामीले साझा आधार पाउँछौं भन्ने एउटा महत्वपूर्ण सत्य बुझेका छन्।

## *तीन ऐन संशोधन ...*

रकम हिनामिना लगायतका उजुरीको कारबाही र किनारा गर्दा प्राधिकरणलाई प्रचलित कानुन बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुने व्यवस्था अध्यादेशमा राखिएको छ। जसअन्तर्गत कुनै व्यक्तिलाई प्राधिकरण समक्ष उपस्थित गराई बयान गराउने बा जानकारी लिने, साक्षी बुझ्ने, सरकार तथा मातहतका निकाय वा सार्वजनिक संस्थामा रहेको कुनै लिखत कागजात पेस गर्न आदेश दिने, स्थलगत निरीक्षण गर्ने, गराउने तथा दसी प्रमाण पेस गर्न आदेश दिनेलगायतका अधिकार दिइएको छ।

"प्राधिकरणले यो ऐन वा यसअन्तर्गत बनेको नियम बमोजिमको कुनै विषय पालना नगर्ने बचत तथा ऋण सहकारी संस्थालाई रु पाँच लाखदेखि १५ लाखसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ", अध्यादेशमा भनिएको छ, "यस्ता सहकारी संस्थाको सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीले यस ऐन वा ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा रू एक लाखदेखि पाँच लाखसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो सञ्चालक, पदाधिकारी, व्यवस्थापक वा कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाहीका लागि लेखि पठाउन सक्नेछ।"

समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यले जम्मा गरेको रू पाँच लाखसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्ने व्यवस्था अध्यादेशमा राखिएको छ। सदस्यले जम्मा गरेको रू पाँच लाखभन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकै पटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रूपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि प्राधिकरणले सहकारी संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ। धितो सुरक्षण बिक्री गर्नुअघि सम्बन्धित ऋणीलाई सहकारी संस्थाको ऋण चुक्ता गर्न समय दिई सो अवधिभित्र ऋण चुक्ता नगरेमा त्यस्तो धितो सुरक्षण लिलाम बढाबढ गरी बिक्री गर्नुपर्नेछ। त्यस्तो धितो सुरक्षण बिक्री गर्दा ऋणीले तिर्नुपर्ने रकमभन्दा बढी रकम प्राप्त हुन आएमा ऋणीको रकम चुक्ता भई बाँकी रहेको रकम त्यस्तो ऋणीलाई फिर्ता दिनुपर्ने अध्यादेशमा उल्लेख छ। समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोरिने अध्यादेशमा जनाइएको छ।

अध्यादेशमार्फत नेपाल राष्ट्र बैंक दफा ८८ मा संशोधन गरी कर्जा सूचना केन्द्रले बैंक तथा वित्तीय संस्थासँगै सहकारीसम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी संस्थाको पनि सूचना लिन पाउने व्यवस्था ल्याइएको छ। त्यस्तै निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ मा संशोधन गरी सहकारी संस्थाहरूलाई निक्षेप तथा कर्जा सुरक्षण कोषको अधिकार क्षेत्रभित्र ल्याइएको छ।

अध्यादेशमार्फत राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज गरिएको छ। अब राष्ट्रिय सहकारी विकास बोर्डको चल-अचल सम्पत्ति लगायतको जायजेथा दायित्व र सो बोर्डमा कार्यरत कर्मचारी प्राधिकरणमा स्वतः सर्नेछ। हाल बहाल रहेका राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य यो दफा प्रारम्भ भएपछि आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछन्।

## विश्व समाचार

### अमेरिकाका ३९औँ राष्ट्रपति जिमी कार्टरको १०० वर्षको उमेरमा निधन

एटलान्टा, १५ पुस (रासस/एपी)।

अमेरिकाका ३९औँ राष्ट्रपति जिमी कार्टरको एक सय वर्षको उमेरमा निधन भएको छ। वाटरगेट काण्ड र भियतनाम युद्धपछि राष्ट्रपति पद जित्ने बदाम किसान जिम्मी कार्टरले ह्वाइट हाउसको कार्यकालपछि विश्वव्यापी मानवतावादीको रूपमा जीवनलाई पुनः परिभाषित गर्नुभएको थियो।

सबैभन्दा लामो समयसम्म बाँच्नुभएका अमेरिकी राष्ट्रपतिको आइतबार जर्जियाको सानो शहर प्लेन्समा रहेको आफ्नो घर होस्पिस केयरमा प्रवेश गरेको लगभग २२ महिनापछि निधन भयो। त्यहाँ उहाँ र उहाँकी श्रीमती रोजालिनले आफ्नो जीवनको अधिकांश समय बिताउनुभयो। रोजालिनको सन् २०२३ नोभेम्बरमा ९६ वर्षको उमेरमा निधन भएको थियो।

"हाम्रा संस्थापक, पूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टरको सोमबार दिउँसो प्लेन्स, जर्जियामा निधन भयो", कार्टर सेन्टरले सामाजिक मिडिया प्लेटफर्म एक्समा भन्यो। उहाँको आफ्नो परिवारबीच शान्तिपूर्वक निधन भएको विज्ञप्तिमा उल्लेख छ। राष्ट्रपति जो बाइडेनले कार्टरको निधनमा शोक व्यक्त गर्दै विश्वले एक 'असाधारण नेता, राजनीतिज्ञ र मानवतावादी' गुमाएको र आफूले एक प्रिय मित्र गुमाएको बताउनुभयो। बाइडेनले रोग उन्मूलन, शान्ति स्थापना, नागरिक र मानव अधिकारलाई अगाडि बढाउन, स्वतन्त्र र निष्पक्ष चुनावलाई बढावा दिन र घरबारविहीनहरूलाई अरूका लागि उदाहरणका रूपमा कार्टरको कामलाई उद्धृत गर्नुभयो।

"यस देशका सबै युवाका लागि उद्देश्य र अर्थको जीवन बिताउनुको अर्थ के हो भनेर खोज्ने जो कोहीले राम्रो जीवन, सिद्धान्त, विश्वास र नम्रताका मानिस जिमी कार्टरलाई अध्ययन गर्नुहोस्", बाइडेनले विज्ञप्तिमा भन्नुभयो। बाइडेनले आइतबार साँझ कार्टरको बारेमा कुरा गर्दै यसलाई 'दुःखद दिन' तर 'अविश्वसनीय मात्रामा राम्रा सम्झनाहरू फिर्ता ल्याउने' भन्नुभयो। "म जिमी कार्टरसँग ५० वर्षभन्दा बढी समयदेखि समय बिताउँदै आएको छु", बाइडेन भन्नुभयो। उहाँले सन् २०१५ मा आफ्नो छोरा ब्युको क्यान्सरबाट निधन हुँदा पूर्वराष्ट्रपतिले आफू र आफ्नी पत्नी जिललाई सान्त्वना दिएको सम्झना गर्नुभयो। कार्टर आफैँलाई पछि क्यान्सर भएको थियो।

वासिङ्टनमा कार्टरको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्न आदेश दिनुभएका बाइडेनले भन्नुभयो, "जिमीलाई यस रोगको विनाशबारे राम्ररी थाहा थियो।" व्यापारी, नौसेना अधिकारी, सुसमाचार प्रचारक, राजनीतिज्ञ, वार्ताकार, लेखक, काठकर्मी, विश्वका नागरिक कार्टरले एउटा यस्तो बाटो बनाउनुभयो जसले अझै पनि राजनीतिक धारणाहरूलाई चुनौती दिन्छ र राष्ट्रको सर्वोच्च कार्यालयमा पुग्ने ४५ जना पुरुषमध्ये उहाँ एक हुनुहुन्छ।

कार्टरले आफ्नो महत्त्वाकांक्षालाई गहिरो बुद्धि, गहिरो धार्मिक विश्वास र विलक्षण कार्य नैतिकताका साथ प्रयोग गर्नुभयो। आफ्नो ८० को दशकमा कूटनीतिक मिसनहरू सञ्चालन गर्नुभयो र ९० को दशकमा गरिबहरूका लागि घरहरू निर्माण गर्नुभयो। "मेरो विश्वासले माग गर्दछ- यो वैकल्पिक होइन, मेरो विश्वासले माग गर्दछ कि म जे गर्न सक्छु, म जहाँ छु, जब सक्छु, जबसम्म म गर्न सक्छु, मैले फरक पार्ने प्रयास गर्नुपर्दछ", कार्टरले कुनै बेला भन्नुभएको थियो।

### अमेरिकाले जिमी कार्टरको सम्मानमा जनवरी ९ मा राष्ट्रिय शोक मनाउने

वासिङ्टन, १५ पुस (रासस/एएफपी)।

अमेरिकाले जनवरी ९ लाई दिवंगत पूर्वराष्ट्रपति जिम्मी कार्टरको सम्मानमा राष्ट्रिय शोक मनाउने घोषणा गरेको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनले जिमी कार्टरको सम्झनामा जनवरी ९ लाई राष्ट्रिय शोक दिवसको रुपमा मनाउने घोषणा गर्नुभएको हो। बाइडेनले ह्वाइट हाउसमा जारी गरेको घोषणामा भन्नुभएको छ, "म अमेरिकी जनतालाई त्यस दिन आ-आफ्नो पूजास्थलमा भेला हुन आह्वान गर्दछु र त्यहाँ राष्ट्रपति जेम्स अर्ल कार्टर जुनियर (जिम्मी कार्टर) को स्मृतिमा श्रद्धाञ्जलि अर्पण गर्न आह्वान गर्दछु।"

उहाँले अगाडी थप्नुभयो, "म हाम्रो दुःखमा सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण विश्व समुदायलाई शोकको यस घडीमा उक्त पवित्र कार्यमा हामीसँग सामेल हुनका लागि आग्रह गर्दछु।" अमेरिकाका ३९औँ राष्ट्रपति कार्टरको एक सय वर्षको उमेरमा आइतबार निधन भएको हो। वाटरगेट काण्ड र भियतनाम युद्धपछि राष्ट्रपति पद जित्ने बदाम किसान जिम्मी कार्टरले ह्वाइट हाउसको कार्यकालपछि विश्वव्यापी मानवतावादीको रूपमा जीवनलाई पुनः परिभाषित गर्नुभएको थियो। कार्टर सेन्टरले सामाजिक सञ्जाल एक्समा उहाँको मृत्युबारे पुष्टि गर्दै लखेको छ, "हाम्रा संस्थापक, पूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टरको सोमबार दिउँसो प्लेन्स, जर्जियामा निधन भयो।"

### थाइल्याण्डको एक पर्यटक होटलमा आगलागी हुँदा तीन विदेशी पर्यटकको मृत्यु

बैङ्कक, थाइल्याण्ड, १५ पुस (रासस/एएफपी)।

थाइल्याण्डको राजधानी बेङ्ककको लोकप्रिय पर्यटकीय क्षेत्रको एक होटलमा आगलागी हुँदा तीन विदेशी पर्यटकको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएका छन्। खाओ सान रोड नजिकैको एम्बर होटलमा आइतबार राति भएको आगलागीमा परी घाइते भएका एक महिला र दुई पुरुषको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। घटनामा अन्य पाँच विदेशी र दुई थाई नागरिक घाइते भएको बैङ्कक महानगर प्रशासनले सोमबार जनाएको छ। बैङ्ककका गभर्नर चाडचार्ट सिटिपन्टका अनुसार अग्निनियन्त्रकहरू सूचना पाएको पाँच मिनेटभित्रै छ तले होटल रहेको घटनास्थलमा पुगेका थिए र तीनवटा क्रेनसहित पुगेका उद्धारकर्मीले करिब ७५ जनालाई उद्धार गरेका थिए। आगलागीको कारण खुल्न सकेको छैन। अधिकारीहरूले घटनापछि होटल बन्द गर्न र चेतावनी प्रणालीको अनुसन्धान गर्न आदेश दिएका छन्।

# दूधमती नदीको संरक्षण र सौन्दर्यकरणका लागि सीमाङ्कन सुरू

धनुषा, १५ पुस (रासस)।
धनुषा र महोत्तरी जिल्ला जोड्ने दूधमती नदीको संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले सीमाङ्कनको काम सुरू गरिएको छ।

सोमबारदेखि विधिवत् रूपमा कार्यक्रम आयोजना गरी दूधमती नदीको उद्गमस्थल क्षीरेश्वरनाथ नगरपालिका-५ मा रहेको अरजनवाँ गाउँबाट सीमाङ्कनको काम सुरू गरिएको हो।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, मधेस प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, मन्त्रालयका सचिव जक्की अहमद अन्सारी, क्षीरेश्वरनाथ नगरपालिकाका प्रमुख सुखदेव यादव, लक्ष्मिनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र झालगायत जनप्रतिनिधिहरूले संयुक्त रूपमा नेपालको झण्डोत्तोलन गरेर सीमाङ्कनको शुभारम्भ गर्नुभयो।

धनुषा महोत्तरी क्षेत्रमा कूल २९ किलोमिटरको दूरीमा रहेको दूधमती नदीको सीमाङ्कनको प्रारम्भिक चरणमा नक्साअनुसार नापजाँच गरेर क्षेत्रफल निकाल्ने र पिलर गाड्नेसहित जग्गा छुटचाउने गरी पैनी खन्ने काम सोमबारैदेखि सुरू गरिएको छ।

दूधमती नदी संरक्षण तथा संवर्द्धन उच्चस्तरीय उपसमितिद्वारा सञ्चालित दूधमती नदी उक्सा तथा विकास परियोजनाअन्तर्गत अतिक्रमणमा परेका नदीको जग्गा अतिक्रमण मुक्त र पुरिसकेको नदी क्षेत्रको उत्खनन गरी नदीको सौन्दर्यीकरण गरिनेछ।

सो अवसरमा कांग्रेस सहमहामन्त्री यादवले दूधमती नदी पर्यटकीय क्षेत्रमा रूपमा विकास भए क्षीरेश्वर नगरपालिका मात्र नभई धनुषादेखि महोत्तरीसम्मका जनताका लागि आर्थिक विकासको ठूलो अवसर रहेको बताउनुभयो। उहाँले दूधमती नदीको उकास र विकास भए धनुषा महोत्तरी मात्र नभई नेपाल भारत समेतका अन्य क्षेत्रका लागि यो एउटा ठूलो पर्यटकीय गणतव्यका रूपमा स्थापित हुने समेत बताउनुभयो।

उच्चस्तरीय समितिका अध्यक्षसमेत रहेका मन्त्री शेषनारायण यादवले प्रदेश सरकारको अहिलसम्मकै प्रदेश सरकारको ठूलो गौरवको आयोजना रहेको यो दूधमती नदीलाई करिडोरका रूपमा स्थापना गरिने भएकाले यसमा स्थानीय जनताको आवश्यकता रहेकाले सहयोग गर्न आग्रह गर्नुभयो।

परियोजनाबारे जानकारी गराउँदै मन्त्री यादवका अनुसार करिब पाँच अर्बको बहुवर्षीय परियोजनाअन्तर्गत रहेको यस योजनाअन्तर्गत दूधमतीको बहाव क्षेत्रबाहेक दुवैतर्फ ११/११ मिटर कालोपत्र सडक, उद्गमस्थलमा मन्दिर तथा पार्कसहित पोखरीको सौन्दर्यीकरण, नदी बहाउ क्षेत्रमा पर्ने प्रत्येक गाउँ/गाउँ नजिक दूधमती र सीता माताको मन्दिरसहित पार्क, प्रत्येक दुई/दुई किलोमिटरको दूरीमा ड्यामको व्यवस्था गरिनेछ।

कार्यक्रममा स्थानीय तहका तर्फबाट क्षीरेश्वरनाथ नगरपालिकाका प्रमुख सुखदेव यादवले परियोजना सुरू भएपछि नगरपालिकाबाट रू २५ लाख र लक्ष्मिनिया गाउँपालिकाका प्रतिनिधिले रू ११ लाख सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

प्रदेश सरकारका ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले प्रारम्भिक चरणमा चालु आर्थिक वर्ष २०८१/८२ मा रू दुई करोड ५० लाख रूपैया बजेट छुट्याएको छ। आगामी वर्षदेखि डिपिआरअनुसार बढीभन्दा बढी बजेट छुटचाउने मन्त्री यादवले बताउनुभयो।

मन्त्रालयका सचिव अन्सारीका अनुसार नापजाँचका लागि नापी शाखा धनुषाका अमिन रामकृपाल अधिकारीको नेतृत्वमा चार सदस्यीय टोली खटाइएको छ। धनुषा र महोत्तरी नापी शाखालाई नापजाँचका लागि तीन महिनाको समयावधि दिइएको छ। नापजाँच सकिएपछि उत्खननको काम अघि बढाइनेछ।

## संविधान लागु ...

मन्त्री महेश प्रसाद यादवले सत्यतथ्यमा आधारित भएर पत्रकार जगतबाट स्वच्छ टिप्पणी आउन आवश्यक रहेको बताए।

कार्यक्रममा प्रदेशसभा सदस्य किरण कुमारी साहले जिल्लामा बढ्दो महिला हिंसाप्रति पत्रकार जगतका साथै प्रहरी प्रशासनले समेत ध्यान पुऱ्याउन आवश्यक रहेको बताईन।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्राधिकरणका अध्यक्षका श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, महासंघका पुर्व केन्द्रीय सदस्य अवधेश कुमार झा लगायतले पनि मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा पत्रकार जीवन भण्डारी प्रकाश मैनालीले सहजीकरण गरेका थिए।

# आगलागिमा लाखौं मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**रौतहट, १५ पुस।**
रौतहटको पूर्वीभेग राजदेवी नगरपालिका-५ स्थित पासवान टोलमा आइतबार मध्यरात भीषण आगलागी भएको छ।

आगलागीबाट आधा दर्जनभन्दा बढी घर जलेर नष्ट हुँदा लाखौं मूल्य बराबरको क्षति भएको हो।

राति सवा २ बजेको समयमा पताही बस्ने जगतनाथ पासवानको खरले बारेको घरनजिकै बालेको घुरबाट सल्किएर आगलागी भएको थियो।

आगलागीबाट बाबुलाल हजरा, रामनाथ पासवान, राम सोगारथ पासवान, दीपेन्द्र पासवान, विजय पासवान, कान्ति देवी पासवान, प्रदीप पासवानलगायत ७ जनाको घर पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

आगलागीबाट ८ लाख भन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले बताए।

आगलागी भएको खबर पाउना साथ बीओपी बेलबिछ्वाबाट सशस्त्र प्रहरीका सई मदन कुमार शाहको कमान्डमा १० जना, प्रहरी चौकी बसन्तपुरबाट असई रामलगन दासको कमान्डमा ५ जना, गौर नगरपालिकाको दमकल र स्थानीयवासीहरुको सहयोगमा बिहान साढे ३ बजे आगो पूर्ण रूपमा नियन्त्रणमा आएको थियो।

## क्यान्सरविरूद्धको ...

ल्याइएको छ।

सरकारले यसभन्दा अघि दुई पटक एचभिपी खोप ल्याइसकेको छ। उक्त खोप टेकुस्थित भण्डारण कक्षमा राखिएको छ। यसअघि ल्याइएका खोपलाई प्रदेश कार्यालयमा पठाइएको र यो खोप पनि प्रदेश कार्यालयमा पठाइने निर्देशक रायमाझीले जानकारी दिनुभयो।

'एचपिभी' खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा चीनबाट नेपाल ल्याइएको हो। सरकारले किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेबाट खोप अभियान सञ्चालन गर्दैछ।

पन्ध्र दिनसम्म चल्ने अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरी खोप लगाइने बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार १७ लाख ७० हजार मात्र गाभीले नेपाललाई उपलब्ध गराउने छ।

नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको छ। पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण रहेकोले त्यसको विरूद्ध खोप लगाउनुपर्ने हुन्छ।

## राजनीतिमा जाग्दै ...

महिलाले आधा आकास ढाकेको छ। तर राज्यका पहुँचमा हेर्ने हो भने उनीहरू औँलामा गन्न सकिनेछन्। आदिवासी जनजाति महिलाको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमि पनि अन्य महिलाको तुलनामा माथि नै छ। अन्य समुदायमा जस्तो आदिवासी जनजातिको घरभित्र मातृसत्ता नै बलियो छ।

यसैगरी, घरभित्रको अधिकार प्राप्तिमा जनजाति महिला अब्बल छन्। राजनीतिमा त्यसको विपरीत दृश्य छ। यसो हुनुमा राजनीतिमा आउन असक्षम भएर होइन, अवसर नै नदिएर हो भन्न सकिन्छ।

राज्यको पहुँचमा पुग्न राजनीति नगरी हुँदैन। यो चेतना आदिवासी जनजाति महिलाले मनन गर्नुपर्छ। राजनीतिक चेतको अभावले पनि जनजाति महिला राजनीतिको मूलधारमा आउन कठिन भएको हो। नेपाल कम्युनिष्ट पार्टीको पृष्ठभूमि हेर्ने हो पनि जनजातिका साथमा पार्टी सधैँ रहेको छ। २००६ सालमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना हुँदा पनि यसको संस्थापक सदस्यमा मोतीदेवी श्रेष्ठ हुनुहुन्थ्यो।

खासगरी २०६२/६३ सालको जनआन्दोलले ल्याएको परिवर्तनमा महिला राजनीतिमा उदाएका छन्। पार्टीभित्र हाल २७ प्रतिशत महिला सदस्य छन्, जसमध्ये १७ प्रतिशत आदिवासी जनजाति महिला छन्। कुनै बेला घरकै तालाचाबी सम्हालेर खुसी हुने जनजाति महिला अब राजनीतिमा तालाचाबी लिन इच्छुक छन्। यति भनिरहँदा जनजाति महिलाले राजनीतिक पदमा दावा गर्न सक्ने हिम्मत अझै जुटाउन सकेका छैनन्।

महिलाका लागि राजनीति गर्न त्यति सजिलो छैन। तर राजनीति बिनाउद्देश्य जीवन निरर्थक हुने रहेछ भन्ने पुष्टि भएको छ। पहिचान, आफ्नो अस्तित्व र सेवाभाव यी सबै कुरा राजनीतिकले दिएका उपज हुन्। राजनीतिले हरेक समुदाय, भाषा, संस्कृति र परिस्थितिलाई सूत्रबद्ध गर्न सिकाउँदो रहेछ। दुःखमा सङ्घर्ष गर्न र खुसीमा साझेदारी गर्न सिकाउने रहेछ। समग्रमा भन्नुपर्दा राजनीति जीवनको एउटा पूर्ण प्रतिबिम्ब हो भन्न सकिन्छ। सानो स्वार्थको घेराबाट हटेर फराकिलो सोच सिकाउने उपयुक्त विषय राजनीति हो। राजनीतिमा महिलाहरूको उपस्थिति अनिवार्य छ। (नेपाल कम्युनिष्ट पार्टी (एमाले) की केन्द्रीय सदस्य गुरुङसँग रासस उपसम्पादक मधु शाहीसँग गरिएको कुराकानीमा आधारित)


**हरहर महादेव　　जय श्रीराम　　ॐ नमः शिवाय**





यहि मिति २०८१ साल माघ १ गतेका दिन मकरसंक्रान्तिको अवसरमा साधुसंत महन्त भक्तजनहरूलाई राजविराज नगरपालिका वडा नम्बर ७ स्थित प्राचीन महादेव श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगणमा भण्डाराको आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लावासी, संतमहन्त साधुसंतलाई यस पावन अवसरमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरी दिनुहुन सादर आमन्त्रण गरिन्छ।

**स्थान :**
श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगण
राजविराज नगरपालिका-७

**समय :**
२०८१/१०/०१ गते **मंगलबार** ११:०० देखि ०४:०० बजेसम्म



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
बलान बिहुल गाउँपालिका, सप्तरी



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*